जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ७३ २०८० साल असोज २६ गते शुक्रबार (13 Oct. 2023 Friday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : 'मलेसिया र खाडी मुलुकमा कार्यरत ३ पृष्ठमा : नियमित औषधिले नियन्त्रण हुन्छ ... ३ पृष्ठमाअदालतले पक्राउ पुर्जी जारे..

# प्रअको सरुवा गरेको बिरोधमा विद्यार्थीहरुद्वारा विद्यालय र पालिकामा तालाबन्दी



- दरबन्दी नै खारेज गरि द्वितिय श्रेणीका शिक्षकलाई सरुवा गरेर तृतिय श्रेणीका शिक्षकलाई प्रअ बनाउने प्रपञ्च
- द्वितिय श्रेणीको विद्यालयका निमित्त प्रधानाध्यापक रबिन्द्र साहलाई दरबन्दी समेत खारेज गरेर प्रस्तावित जनता मावि बेल्ही चपेनामा सरुवा
- द्वितीय श्रेणीका शिक्षकलाई हटाएर तृतिय श्रेणीका शिक्षकलाई प्रअको जिम्मेवारी दिन खोज्नु अन्यायसँगै अनियमितता लुकाउन खोजेको विद्यालयका जग्गादाता मध्येका एक रामचन्द्र यादवको आरोप

**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**

दरबन्दी नै खारेज गरि द्वितिय श्रेणीका शिक्षकलाई सरुवा गरेर तृतिय श्रेणीका शिक्षकलाई प्रधानाध्यापक बनाउन खोजेको भन्दै विद्यार्थीहरुले बिहीबार सप्तरीको एक विद्यालय र पालिकामा तालाबन्दी गरेका छन् ।

सप्तरीको राजगढ गाउँपालिकास्थित श्री जनता शंकर माध्यमिक विद्यालयका विद्यार्थीहरुले गाउँपालिका र विद्यालयमा तालाबन्दी गरेका हुन् ।

माथिल्लो तहका प्रधानाध्यापकलाई पूर्वाग्रही भई सरुवा गरेको बिरोधमा आन्दोलनमा उत्रेका विद्यार्थीहरुले बिहान विद्यालय खुल्नासाथ चर्को नाराबाजी गर्दै पालैपालो विद्यालय र गाउँपालिकामा तालाबन्दी गरे ।

द्वितिय श्रेणीको विद्यालयका निमित्त प्रधानाध्यापक रबिन्द्र साहलाई दरबन्दी समेत खारेज गरेर प्रस्तावित जनता मावि बेल्ही चपेनामा सरुवा गरेपछि विद्यार्थीहरु आन्दोलित भएका हुन् । खारेज गरिएको दरबन्दी कायम हुनु पर्ने र साहको सरुवा बदर हुनुपर्ने आन्दोलनमा उत्रेका विद्यार्थीहरुको मुख्य माग छ ।

उनीहरुले पूर्वाग्रही ढंगले तथा आफ्नो अनुकुल मान्छेलाई प्रधानाध्यापक बनाउने मनसायले विद्यालय व्यवस्थापन समिति तथा गाउँपालिकाको मिलोमतोमा जबरजस्ती प्रस्तावित विद्यालयमा निमित्त प्रख साहलाई सरुवा गरेको आरोप लगाएका छन् ।

तृतिय श्रेणीमा रहेका पूर्व निमित्त प्रअ नारायण यादवलाई निमित्त प्रअ बनाउने योजनामा विद्यालय व्यवस्थापन समिति र गाउँपालिका समेत लागेपछि आफूहरुको पढाई चौपट हुने भन्दै तालाबन्दीमा उत्रेको विद्यार्थीहरुको भनाई छ ।

तृतिय श्रेणीका यादवले यसअघि निमित्त प्रअको रुपमा काम गर्दै आएकोमा द्वितीय श्रेणी भएको नाताले आफूले प्रअको जिम्मेवारी पाउनु पर्ने माग गर्दै आएका साहले जिम्मेवारी नपाएपछि विगतमा अदालतमा मुद्दा हालेका थिए । उच्च अदालत जनकपुर-राजविराज इजलाशले उनकै पक्षमै फैसला गरेपछि गाउँपालिका निर्णय गरेर साहलाई निमित्त प्रअको जिम्मेवारी दिन बाध्य भएका थिए ।

अदालतको आदेश अनुसार उनी निमित्त प्रअको जिम्मेवारीमा आएपनि यादवले बरबुझारत नगरि काममा असहयोग गर्दै आएको र पछिल्लो पटक गाउँपालिका र व्यवस्थापन समिति समेतलाई मिलाएर आफ्नो दरबन्दी नै खारेज गरि सरुवा पत्र थमाइदिएको निमित्त प्रअ साहको गुनासो छ ।

विद्यालयका जग्गादाता मध्येका एक रामचन्द्र यादवले पनि द्वितीय श्रेणीका शिक्षकलाई हटाएर तृतिय श्रेणीका शिक्षकलाई प्रअको जिम्मेवारी दिन खोज्नु अन्यायसँगै अनियमितता लुकाउने खेल भएको बताएका छन् ।

# विदेशबाटै मतदाता नामावलीमा नाम दर्ता गर्न मिल्ने : निर्वाचन आयोग

**दैनिक समाचारदाता**
**काठमाडौं, २५ असोज ।**

निर्वाचन आयोगले विदेशमा रही मतदाता नामावलीमा नाम दर्ता गर्न बाँकी रहेका नेपाली नागरिकहरूलाई विदेशबाटै मतदाता नामावलीमा नाम दर्ता गर्ने जनाएको छ ।

आयोगले बिहीबार एक विज्ञप्ति जारि गर्दै सो प्रयोजनका लागि "विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८०" को मसौदा तयार भई सुझाव सङ्कलनका लागि आयोगको वेवसाइट www.election.gov.np मा अपलोड गरेको जनाएको छ ।

उक्त मसौदामा आयोगले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि मुलुक तोकी उक्त मुलुकको सम्बन्धित कुटनीतिक नियोगबाट दर्ता गर्ने केन्द्र तोक्ने व्यवस्था रहेको उल्लेख छ ।

यस्तै दर्ता गर्ने प्रयोजनका लागि दर्ता कर्मचारी तोक्न आयोगले परराष्ट्र मन्त्रालयलाई लेखी पठाउने व्यवस्था रहेको जनाउँदै विज्ञप्तिमा विदेशमा रहेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराउन चाहेमा अनलाइन प्रणाली मार्फत फारम भरी जैविक (बायोमेट्रिक) विवरण दिनका लागि आफूलाई पायक पर्ने स्थान र मिति प्रणालीबाट छनोट गर्न सक्ने जनाएको छ ।

जैविक विवरण दिएपछि सम्बन्धित व्यक्तिको स्थायी ठेगानामा नाम दर्ता गरिने व्यवस्था कार्यविधिको मसौदामा रहेको तथा दर्ता भएका व्यक्तिहरूको विवरण अन्तिम मतदाता नामावली प्रकाशन हुने समयमा आयोगमा प्राप्त गरी अद्यावधिकको प्रक्रियामा लाने व्यवस्था गरिएको विज्ञप्तिमा उल्लेख छ ।

मसौदामा रहेका उक्त व्यवस्था लगायतका अन्य विषयहरू थप परिमार्जन वा सुधार गर्न सुझाव दिन चाहने विदेश वा स्वदेशमा रहेका नेपाली नागरिक, गैर आवासीय नेपाली संघ तथा अन्य सरोकारवालाहरूले मिति २०८० कार्तिक मसान्त भित्र आयोगको इमेल ठेगाना ecn.namawali@election.gov.np मा राय सुझाव उपलब्ध गराइदिनुहुन सम्बद्ध सबैमा आयोगले अनुरोध समेत गरेको छ ।

# दक्ष श्रमिकलाई जर्मनीले अवसर दिने

काठमाडौँ, २५ असोज (रासस) ।

सङ्घीय गणतन्त्र जर्मनीले दक्ष नेपाली श्रमिकलाई रोजगारीका अवसर प्रदान गर्ने भएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी र जर्मनीका श्रम तथा सामाजिक मामिला राज्यमन्त्री लियोनी गेवर्सको उपस्थितिमा हालै जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्का र जर्मनीको रोजगारी विभागका अन्तरराष्ट्रिय मामिला निर्देशक माइकल भान डेर कामेनले नेपाली दक्ष श्रमिकलाई रोजगारी उपलब्ध गराउनेसम्बन्धी आशयपत्रमा हस्ताक्षर गर्नुभएको बर्लिनस्थित नेपाली राजदूतावासले जनाएको छ ।

त्यसअघि दुवै देशका प्रतिनिधिमण्डलबीच भएको वार्तामा दक्ष नेपाली जनशक्तिलाई रोजगारीका अवसर उपलब्ध गराउने, वैधानिक तवरबाट मात्र उनीहरुलाई काममा लगाउने, नेपाली कामदारको हकहितको रक्षा र भाषा तथा व्यावसायिक तालिम दिने विषयमा पनि छलफल भएको थियो । राज्यमन्त्री गेवर्सले द्विपक्षीय आशयपत्रमा हस्ताक्षर भएपछि संस्थागतरुपमा नेपाली श्रमिकलाई जर्मनीमा काम गर्न सहज हुने र जर्मनीका रोजगारदाता निकायलाई पनि काममा लगाउन कठिनाइ नहुने बताउनुभएको उक्त दूतावासले जनाएको छ ।

# वन पैदावार आपूर्ती समितिका नवनियुक्त पदाधिकारीद्वारा पदभार ग्रहण



**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**

मधेश प्रदेश सरकारद्वारा नवनियुक्त जिल्ला वन पैदावार आपूर्ती समितिका पदाधिकारीहरुलाई बिहीबार एक कार्यक्रमबीच प्रमाणपत्र बितरण तथा पदभार ग्रहण गराइएको छ ।

राजविराजस्थित डिभिजन वन कार्यालय सप्तरीको सभाकक्षमा एक कार्यक्रमको आयोजना गरि समितिका नवनियुक्त पदाधिकारीहरुलाई प्रमाणपत्र बितरण तथा पदभार ग्रहण गराइएको हो ।

मधेश प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयको मन्त्रिस्तरिय निर्णयबाट गठन भएको तीन सदस्यीय समितिको अध्यक्षमा जयनारायण यादव तथा सदस्यहरुमा उषाकुमारी मण्डल र मनोज देव रहेका छन् । अध्यक्ष यादव लोसपा सप्तरीका सहसचिव हुन भने सदस्य मण्डल लोसपाका केन्द्रिय सदस्य तथा छिन्नमस्ता गाउँपालिकाकी निवर्तमान उपाध्यक्ष हुन् ।

नवनियुक्त पदाधिकारीहरुलाई डिभिजन वन कार्यालयका प्रमुख हेमन्त साहले प्रमाणपत्र बितरण तथा फुलमाला लगाएर पदभार ग्रहण गराए । वन क्षेत्रको संरक्षण बिस्तार, वन पैदावारको सहज आपूर्ती तथा न्यायोचित बितरण गर्ने उद्देश्यका साथ आफूहरुले काम गर्ने नवनियुक्त पदाधिकारीहरुले प्रतिबद्धता समेत जनाए ।

कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टी (लासपा) का राष्ट्रिय उपाध्यक्ष जयप्रकाश ठाकुर, राजविराज नगरपालिकाका निवर्तमान नगर प्रमुख शम्भु प्रसाद यादव, लोसपाका बिनोद मण्डल लगायतको पनि उपस्थिति रहेको थियो ।

## सम्पादकीय

### विद्यालयप्रति स्थानीय पालिका गम्भिर हुनु आवश्यक

सप्तरीका सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्था घट्दै गएको छ । अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थीको उपस्थिति न्युन हुँदै गएको छ । जिल्लाका अधिकांश विद्यालय रेकर्डमा उल्लेख भएको विद्यार्थी संख्या मध्ये २० प्रतिशत मात्र उपस्थिति रहने गरेको देखिएको छ । सय जना विद्यार्थी रेकर्डमा देखिएपनि उपस्थिति भने २० जना मात्र रहने गरेको छ । अधिकांश सामुदायिक विद्यालयमा नियमित पठनपाठन हुन नसकेको तथा विद्यार्थीको संख्या समेत घट्दै जानुमा शिक्षाको गुणस्तर घट्दै जानु हो । यसको मूल कारण नियमित अनुगमन तथा यसको प्रत्यक्ष निगरानी नहुनु नै हो ।

विगतमा जिल्ला शिक्षा कार्यालयको मातहतमा रहँदा बेलाबेलामा विद्यालयको अनुगमन हुन्थ्यो तर, अहिले पालिकाको मातहतमा गएको र सम्बन्धित पालिकाबाट अनुगमन, निगरानी तथा दण्ड र पुरस्कारको व्यवस्था हुन नसक्दा यस्तो बेथिति देखिएको छ । बीचमै कक्षा छाडेर घर फर्किने, त्यस्ता विद्यार्थीलाई कडाई गर्न नसक्ने, विद्यार्थीलाई विद्यालयमा आकर्षण गराउन आवश्यक कार्यक्रम संचालन गर्न नसक्ने, विद्यार्थी र अभिभावकलाई शिक्षाको महत्व बारे सम्झाउन नसक्ने तथा नियमित पढाई संचालन गर्न नसक्ने लगायतका कारणले सामुदायिक विद्यालयतर्फ विद्यार्थीको आकर्षण घट्दै गएको शिक्षाविज्ञहरुको भनाई छ ।

तसर्थ विद्यालयलाई राजनीतिक अखाडा भन्दा पनि शिक्षाको मन्दिरको रुपमा लिएर शिक्षकहरुले नियमित पठनपाठन गराउन तदारुकता देखाउनु जरुरी छ । यसका लागि स्थानीय पालिका समेतले गम्भिरतापूवर्क विद्यालयको सम्पूर्ण गतिविधीलाई निगरानीमा राख्नु आवश्यक छ ।

# 'मलेसिया र खाडी मुलुकमा कार्यरत नेपालीमा मिर्गौलाको समस्या धेरै'

जनकपुरधाम, २५ असोज (रासस) ।

धनुषाका दुई स्थानीय तहमा गरिएको एक अध्ययनले मलेसिया र खाडी मुलुकमा कार्यरत नेपालीमा मिर्गौलाको समस्या बढी हुनसक्ने देखाएको छ । बेलायतस्थित बर्नमथ विश्वविद्यालयको नेतृत्वमा धनुषा जिल्लाको लक्ष्मीनिया गाउँपालिका र छिरेश्वरनाथ नगरपालिकामा गरिएको एक अध्ययनले नेपालमै बसोबास गर्नेभन्दा खाडी मुलुक र मलेसियामा काम गरेर फर्किएका आप्रवासी नेपालीमा मिर्गौला समस्या बढी हुनसक्ने देखाएको हो ।

अध्ययनका क्रममा दुई वर्ष खाडीका छ मुलुक (कतार, साउदी अरब, कुवेत, ओमान, युएई, बहराइन) र मलेसियामा काम गरी फर्किएका तर नेपाल फर्किएको एक वर्ष पूरा नगरेका आप्रवासी र नेपालमै रहेका नागरिकबीच तुलना गरिएकामा त्यस्तो देखिएको अनुसन्धानकर्ता टोलीमा सहभागी डा निर्मल अर्यालले जानकारी दिनुभयो ।

उहाँका अनुसार वैदेशिक रोजगारीबाट फर्किएका सात सय १८ जना (सबै पुरुष) र नेपालमै रहेका सात सय २० जना (३७० पुरुष र ३४१ महिला) स्थानीयबीच तुलना गरिएको थियो । मिर्गौलाको अवस्था जनाउने सबैभन्दा महत्वपूर्ण परीक्षण मानिने 'ग्लोमेरुलर फिल्ट्रेसन रेट'को क्षमता जाँच गरिएकामा आप्रवासीमा ५ दशमलव ८ प्रतिशत र गैरआप्रवासीमा ३ दशमलव ६ प्रतिशत कमी देखिएको डा अर्यालले जानकारी दिनुभयो ।

"गैरअप्रवासीमा पनि कहिल्यै विदेश नगएका पुरुष र महिलाभन्दा पूर्वआप्रवासीमा बढी समस्या देखिएको छ । त्यसैगरी रगतमा क्रियटिनिनको औसत पनि गैरआप्रवासीभन्दा आपवासीमा बढी देखिएको छ । उक्त परीक्षणले रगतमा क्रियटिनिन भन्ने तत्वको मात्रालाई हेरी मिर्गौलाले एक मिनेटमा कति मात्रामा रगत छान्दछ भन्ने निक्यौल गर्दछ र घट्दो दरले मिर्गौलाको कार्य क्षमतामा कमी आएको मानिन्छ । यसले पनि आप्रवासीहरूमा बढ्दो मिर्गौला समस्याको सङ्केत गर्दछ", डा अर्यालले भन्नुभयो ।

यस्तै मिर्गौला रोगको अर्को परीक्षण पिसाबमा प्रोटिनको मात्रा भने आप्रवासीभन्दा गैरआप्रवासीमा बढी देखिएको छ । खासगरी गैरआप्रवासी महिलामा यो समस्या बढी देखिएकाले यसको कारकतत्व खोज्न छुट्टै अध्ययन गर्नुपर्ने अध्ययनको निष्कर्ष छ ।

त्यसैगरी अध्ययनले खाडी मुलुक र मलेसियाबाट फर्किएका नेपाली आप्रवासीमा स्थानीय गैरअप्रवासीको तुलनामा उच्चरक्तचाप ( आप्रवासी ३८ प्रतिशत, गैरआप्रवासी १९ दशमलव ४ प्रतिशत), मधुमेह (आप्रवासी ७४ प्रतिशत, गैरआप्रवासी ४ दशमलव ७ प्रतिशत) र बढीतौल वा मोटोपन ( आप्रवासी ६७४ प्रतिशत, गैरआप्रवासी ४९ प्रतिशत) को जोखिम निकै बढी रहेको देखिएको छ ।

डा अर्यालका अनुसार मिर्गौलाको रोगको जोखिम उच्च भएकामा सबैभन्दा धेरै लामो समयसम्म एकै स्थानमा काम गरेका कामदार, सुरक्षा गार्ड र सवारी चालक, प्रत्यक्ष घाममा, आउटडोर, धुलो-धुवाँमा काम गर्ने कामदारमा समेत यो समस्या धेरै पाइएको छ ।

यस अध्ययनका सिलसिलामा रगत र पिसाबको नमूना लिइएको र त्यसपछि प्रश्नावली सोधिएको थियो । अनुसन्धान टोलीका अर्का सदस्य एवं मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरका प्रमुख डा श्रवणकुमार मिश्रका अनुसार अध्ययनमा सहभागी करिब ९० प्रतिशत कतार, साउदी अरब र मलेसियामा कार्यरत थिए भने दुई तिहाइभन्दा बढी निर्माण र उद्योग क्षेत्रमा कार्यरत थिए ।

त्यसैगरी सहभागी आप्रवासीले औसतमा दैनिक १० दशमलव ७ घण्टा काम गर्ने गरेको र ३० दशमलव ९ प्रतिशतले औसतमा महिनाको एकदिन पनि विदा नलिने गरेको बताएका थिए । यस्तै २४ दशमलव ८ प्रतिशतले शारीरिकरुपले भारी र लगभग आधा सहभागीले (४४ दशमलव ४ प्रतिशत) गर्मीमा काम गर्नुपरेको, करिब ९७ प्रतिशत आप्रवासी सहभागीले काम गर्ने ठाउँमा पिउने पानी र शौचालयको सुलभ सुविधा रहेको बताएको डा मिश्रले जानकारी दिनुभयो ।

"आप्रवासी मात्रै होइन उहाँहरूको परिवारका सदस्य ( विशेष गरी श्रीमती) मा पनि विभिन्न तनावका कारण धेरै समस्या हुनसक्ने देखिन्छ । यसर्थमा आप्रवासीमा उच्च रक्तचाप, मधुमेह र बढी तौल वा मोटोपन देखिएकाले ती देशमै यससम्बन्धी सचेतना जगाउन आवश्यक छ । त्यसका लागि नेपाली दूतावास र आप्रवासीको हकहितको लागि काम गर्ने सङ्घसंस्थाले पनि विशेष पहल गर्नुपर्छ", डा मिश्रको भनाइ छ ।

बर्नमथ विश्वविद्यालय र ग्रिनतारा नेपाल नामक गैरसरकारी संस्थाले बेलायतस्थित द कोल्ट फाउण्डेशनको आर्थिक सहयोगमा गरेको यस अध्ययनमा मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला, संयुक्त राष्ट्र सङ्घ अन्तर्राष्ट्रिय आप्रवासी सङ्गठन (आइओएम) र बेलायतकै युनिभर्सिटी कलेज लण्डन (युसिएल) ले सहयोग गरेको जनाइएको छ । यस प्रकारको अध्ययन समुदायस्तरमा आप्रवासी नेपाली कामदार र गैरअप्रवासीबीच पहिलोपटक भएको दावी गरिएको छ ।

अनुसन्धानमा प्रमुख अनुसन्धानकर्ताको रुपमा डा प्रमोदराज रेग्मी (बर्नमथ विश्वविद्यालय, बेलायत) र उहाँको टिममा अनुसन्धानकर्ता डा निर्मल अर्याल, प्रा डा एडविन भान तेजलिन्जिन, प्रा डा अरुण सेढाइ, डा राधेश्यामकृष्ण केसी र डा श्रवणकुमार मिश्र सहभागी भएको ग्रिन तारा नेपालले जनाएको छ ।

# टेरामक्स तथा स्मार्ट टेलिकमको अनुमतिपत्र बिक्री सम्बन्धमा तत्काल निर्णय नगर्न निर्देशन

काठमाडौँ, २५ असोज (रासस) ।

प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिले 'टेलिकम्युनिकेसन ट्राफिक मनिटरिङ एण्ड फ्रड कन्ट्रोल सिस्टम' (टेरामक्स) प्रविधि जडानको कार्य तत्कालका लागि यथास्थितिमा राख्न निर्देशन दिएको छ ।

समितिको बिहीबारको बैठकले स्मार्ट टेलिकमको दूरसञ्चार अनुमतिपत्र बिक्री तथा ग्रामीण दूरसञ्चार कोषको कार्यान्वयनका सम्बन्धमा थप छलफल गर्नुपर्ने देखिएकाले तत्काल कुनै निर्णय नगर्न सूचना तथा सञ्चार मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको हो ।

प्राधिकरणले दूरसञ्चार सेवा प्रदायक कम्पनीको ट्राफिक तथा नेटवर्कको निगरानी एवं ठगी रोक्नका लागि टेरामक्स प्रणाली जडानको तयारी गरेको छ । टेरामक्सबाट 'फ्रड' कल नियन्त्रण तथा दूरसञ्चार सेवाको गुणस्तर नियमन गर्न सहयोग पुग्ने प्राधिकरणको दाबी छ ।

उक्त प्रणाली जडान भएपछि दूरसञ्चार सेवाबापत उपभोक्तामाथि हुने ठगी एवं राजस्वमा चुहावट नियन्त्रण हुने प्राधिकरणले जनाएको छ । बैठकमा सहभागी नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले दूरसञ्चार सेवा प्रदायकले उपलब्ध गराएको सेवाको गुणस्तरका सम्बन्धमा नियामक निकाय गम्भीर हुनुपर्ने बताउनुभयो ।

"दूरसञ्चार सेवा प्रयोग गरेबापत सेवा प्रदायकले शुल्क लिएको छ, त्यो शुल्क वास्तविक हो कि होइन भनेर दूरसञ्चार प्राधिकरणले 'मोनिटरिङ' गर्नुपर्छ", उहाँले भन्नुभयो, "सञ्चार अत्यावश्यक सेवा भइसक्यो, ग्रामीण दूरसञ्चार नारामै सीमित भएको छ, यसलाई प्रभावकारी बनाउनुपर्छ ।"

एमाले सांसद गोकुल बाँस्कोटाले उपभोक्ताले सेवा प्रदायकबाट गुणस्तरीय सेवा पाएको छ कि छैन भनेर प्राविधिक लेखापरीक्षण गर्नुपर्ने बताउनुभयो । "प्राधिकरण नियामक निकाय हो, यसले दूरसञ्चार सेवाका बारेमा अनुगमन गर्नुपर्छ", उहाँले भन्नुभयो ।

नेकपा (माओवादी केन्द्र)का सांसद जनार्दन शर्माले दुर्गम जिल्लामा विश्वसनीय र गुणस्तरीय दूरसञ्चार सेवा दिनुपर्ने तथा मोबाइल र इन्टरनेट सेवाका सम्बन्धमा नियामक निकायले ध्यान दिनुपर्ने बताउनुभयो ।

राप्रपाका सांसद राजेन्द्र लिङ्देनले मोबाइल तथा इन्टरनेट सेवा लिने उपभोक्ताको सङ्ख्या लगातार वृद्धि भइरहेको अवस्थामा दूरसञ्चार सेवा प्रदायकको आम्दानी घट्नुको कारण के हो ? भनी जिज्ञासा राख्नुभयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नियमित औषधिले नियन्त्रण हुन्छ बाथरोग

**शरद् शर्मा/रासस**
काठमाडौँ, २५ असोज ।

बिहीबार नेपालसहित विश्वभर विश्व बाथरोग दिवस मनाइँदै छ । यस वर्ष 'जीवनका हरेक चरणमा आरएमडी (र्‍युम्याटिक एण्ड मस्कुलोस्केलेटल डिजिज) सँगै बाँच्ने' भन्ने नाराका साथ दिवस मनाइँदैछ । र्‍युम्याटिक एण्ड मस्कुलोस्केलेटल डिजिज हाडजोर्नी र मांसपेशी दुख्ने समस्या हो ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र इन्टरनेसनल र्‍युम्याटोलोजी लिग (आइलार) को संयुक्त अध्ययनले जनसङ्ख्याको ३० प्रतिशतमा र्‍युम्याटिक एण्ड मस्कुलोस्केलेटल डिजिज (हाडजोर्नी र मांसपेशी दुख्ने रोग) को समस्या हुने गरेको देखाएको छ । त्यसमध्ये १५ देखि २० प्रतिशतमा कम्मर तथा ढाड दुख्ने र घुँडा दुख्ने समस्या देखिएको अध्ययनले देखाएको छ ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका मेडिसिन विभागका प्रमुख डा बुद्धि पौड्यालले बाथरोग विभिन्न रोगको सँगालो रहेकोले नियमित औषधि सेवन गरेर यसलाई नियन्त्रण गर्न सकिने बताउनुहुन्छ । "बाथरोग दीर्घरोग हो । यो औषधि खाएपछि निको हुँदैन । जीवनपर्यन्त रोग जान्छ तर नियमति औषधि खाएपछि नियन्त्रण गर्न सकिन्छ", उहाँले भन्नुभयो, "त्यसैले बाथरोगलाई नियन्त्रण गर्न सकिन्छ । तर सधैँ यो रोग देखिइरहन्छ ।"

उहाँले वंशाणुगत र वातावरणीय प्रवाहले बाथरोग लाग्ने बताउनुहुन्छ । धुँलो धुवाँ, चुरोट खाने, मदिरा सेवन, युरिक एसिड हुने खानेकुरा (माछा, मासु र बढी चिल्लो पदार्थ बढी खादा), पखाला लाग्दा, बढी तौल भएको, दाँतको समस्या, फोक्सोका रोगले गर्दा बाथरोग लाग्ने गर्दछ ।

बाथरोग हरेक उमेर समूहका लागि हुने गरेको उहाँ बताउनुहुन्छ । पाँचदेखि १५ वर्ष उमेरसमूहकालाई मुटुको बाथज्वरो बढी हुने गर्दछ ।

नेपालमा दुई वटा बाथरोग बढी देखिने गरेको छ । त्यसमध्ये हाडजोर्नी खिइने रोग र आम बाथरोग हुन् । तीमध्ये आमवाथ कडा खालको बाथरोग हो भने हाडजोर्नीवाला बूढेसकालमा बढी हुने गर्दछ ।

बाथरोग विशेषज्ञ डा पौड्यालले आमबाथ रोग बढी महिलालाई हुने गर्दछ । उहाँका अनुसार दुई तिहाइ महिला र एक तिहाइ पुरुषलाई आमबाथ रोग लाग्ने गरेको छ । उहाँले ४० वर्षभन्दा माथिका महिलालाई आमबाथ रोग सुरुमा हाडजोर्नी दुख्ने, सुन्निन, बिहान उठ्दा शरीर कक्रक्क पर्ने, मुठ्ठी खोल्न र पार्न गाह्रो हुने समस्या हुने गरेको छ । त्यसपछि बाथरोग कडा हुन थालेपछि ज्वरो आउने, शरीर दुख्ने, खान मन नलाग्ने, तौल घट्ने गर्दछ । त्यसपछि बाथरोगले फोक्सो, आँखा, मुटुमा असर गर्दछ ।

बाथरोग विशेषज्ञ डा पौड्यालले समयमा औषधि खाएन भने कालान्तरमा हातखुट्टाका जोर्नी बाङ्गो हुने, काम गर्न नसक्नेजस्ता समस्या हुने गर्दछ । नेपालमा पनि नेसनल बाथरोग सेन्टरले सन् २०२१ मा पाँच हजार जनसङ्ख्यामा गरेको अध्ययनले २६ दशमलव ८ प्रतिशत मानिसमा वाथलगायत हाडजोर्नी तथा मांसपेशी दुख्ने समस्या देखाएको छ । सेन्टरले काठमाडौँ, भक्तपुर, ललितपुर, धादिङ, काभ्रे, मकवानपुर, मुस्ताङमा बाथरोगसम्बन्धी अध्ययन गरेको थियो ।

सो सेन्टरले विगत १० वर्षदेखि काठमाडौँको रातोपुलगायत देशका आठ ठाउँ (ललितपुको पुल्चोक, भक्तपुरको टेखापुखु, मुस्ताङचोक पोखरा, झापाको शनिश्चरे रोड, बुटवलको सुख्खा नगर, दाङको तुलसीपुर र चितवनको भरतपुर) मा बाथरोग सेन्टर सञ्चालन गरेर बाथरोगको प्रभावकारी उपचार सेवा उपलब्ध गराउँदै आएको सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतिले बताउनुभयो ।

उहाँका अनुसार नेपालमा करिब ८० लाख बाथरोगका बिरामी रहेको अनुमान गरिएको छ । त्यसमध्ये १० प्रतिशत जनसङ्ख्या मात्र सही उपचारको पहुँचभित्र रहेका छन् ।

दिवसकै अवसरमा नेशनल बाथरोग सेन्टरले बाथरोगबारे जनतामा चेतना बढाउने, बाथरोगको समयमै पहिचान गर्ने र बाथरोगको जटिलतालाई रोकथाम गर्ने उद्देश्यले राजधानीका कोटेश्वर, मङ्गलबजार, जाउलाखेल, वसन्तपुर, स्वयम्भु, महाराजगञ्ज, बौद्ध र सिफलमा शरीरका विभिन्न भागमा लाग्ने बाथसम्बन्धी फोटो प्रदर्शनी र मोटरसाइकल र्‍यालीको आयोजना गरेको छ । ती स्थानमा बिहान ९ देखि बेलुका ६ बजेसम्म फोटो प्रदर्शनी हुनेछ ।

हातका औँला दुख्ने वा सुन्निने, बिहान उठ्ने बेला हात, खुट्टा वा जिउ कक्रक्क पर्ने, खुट्टाको बुढी औँला वरिपरि रातो भएर टेक्न नहुने, गोलीगाँठो दुख्ने र सुन्निने, राति तथा बिहान ढाड दुख्ने, बिहान ढाड दुख्ने, घुँडा दुख्ने र सुन्निने बाथरोगका लक्षण हुन् ।

त्यसैगरी बाथरोग भएका मानिसलाई कुर्कुचा दुख्ने (प्रायः बिहान उठ्ने बेला), पाइताला पोल्ने (प्रायः रातिको समयमा) वा झमझमाउने, पिडौँला दुख्ने वा करकर खाने, जिउ गल्ने र छिटो छिटो थकान हुने, मासंपेशी कमजोर हुने, छालामा डाबर अथवा निको नहुने घाउ आइरहने, बारम्बार आँखा रातो हुने तथा दुख्ने, चिसोमा काम गर्दा हात खुट्टा नीलो हुनेजस्ता लक्षण पनि देखिने गर्दछन् ।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय**
**कठौना, सप्तरी**


## विश्व समाचार

### अदालतले पक्राउ पुर्जी जारे गरेपछि पुटिन पहिलो पटक किर्गिजस्तानको भ्रमणमा

बिस्केक (किर्गिजस्तान), २५ असोज (रासस/एएफपी) ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन किर्गिजस्तान आइपुग्नुभएको छ । गत मार्चमा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसीसी) ले उहाँविरुद्ध पक्राउ पुर्जी जारी गरेपछिको उहाँको यो पहिलो विदेश भ्रमण हो ।

युक्रेनी बालबालिकालाई देश निकाला गरेको अभियोगमा अदालतले पुटिनको खोजी गरिरहेको छ । आइसीसीका सदस्य राष्ट्रहरूमा राष्ट्रपति पुटिनले पाइला राख्नुभएको अवस्थामा ती देश उहाँलाई गिरफ्तार गर्न बाध्य हुनेछन् । यद्यपि किर्गिजस्तानले आइसीसीको सदस्यता लिएको छैन ।

रुसी समाचार समितिहरू तास, इन्टरफ्याक्स र रिया नोभोस्तीले बिहीबार बिहान पुटिन किर्गिजस्तान आइपुग्नुभएको बताएका छन् ।

स्वतन्त्र राष्ट्रहरूको राष्ट्रमण्डलको एक शिखर सम्मेलनमा भाग लिने सिलसिलामा राष्ट्रपति पुटिनले आफ्ना बेलारुसी सहयोगी अलेक्जेन्डर लुकासेन्को र अन्य क्षेत्रीय नेताहरूसँगै आफ्ना किर्गिज समकक्षी सादिर जापारोभसँग भेट गर्नुहुने कार्यक्रम छ ।

सन् २०२२ फेब्रुअरीमा युक्रेनमा आक्रमण गरेपछि उहाँले सायदै रुस छाड्नुभएको छ । गत डिसेम्बरमा बेलारुस र किर्गिजस्तानको आफ्नो अन्तिम विदेश भ्रमणसँगै यसै वर्ष राष्ट्रपति पुटिनले रुसले युक्रेनको कब्जा गरेको भागमा भ्रमण गर्नुभएको थियो ।

अब उहाँले उत्तर कोरियाका साथै चीनको भ्रमण गर्ने योजना बनाइरहनुभएको छ । मस्कोले पुटिनलाई विदेशमा पक्राउ गर्ने सम्भावनालाई युद्धसँग तुलना गर्दै पक्राउ पुर्जीलाई 'गैरकानूनी' को संज्ञा दिएको छ ।

यद्यपि व्यवहारतः रुसले यसमा सावधानी अपनाएको छ । अगस्ट महिनामा आइसीसी सदस्य मुलुक दक्षिण अफ्रिकामा भएको ब्रिक्स शिखर सम्मेलनमा भाग लिन रुसले पुटिनको सट्टा विदेशमन्त्री सर्गेई लाभरोभलाई पठाएको थियो ।

युक्रेनमाथि पूर्णस्तरको आक्रमणपछि पुटिनलाई पश्चिमी दुनियाँमा अवाञ्छित व्यक्ति बनाइदिएको छ । आइसीसीको उक्त निर्णयले पुटिनलाई संसारको ठोकाको ठूलो हिस्सा बन्द गरिदिएको छ ।

रोम विधानलाई एक सय २३ मुलुकले अनुमोदन गरेका छन् । उक्त विधानलाई आइसीसीका सदस्यहरूले पालना गर्न आवश्यक छ ।

ब्रिक्स सम्मेलनको आयोजक राष्ट्र दक्षिण अफ्रिकाले सम्मेलनमा भाग लिन पुटिनलाई निम्तो दिएपछि आइसीसीको सदस्यका हिसाबले उसलाई कानूनी टाउको दुखाइको विषय बनेको थियो । यद्यपि अन्तिम क्षणमा मस्कोले पुटिनको बदलामा विदेशमन्त्रीलाई पठाएको थियो ।

### हमास र इजराइलसँग सम्पर्कमा रहेको रेडक्रसको भनाइ

जेनेभा, २५ असोज (रासस/एएफपी) ।

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसीआरसी) ले गाजामा बन्धकहरूलाई रिहा गर्न हमास र इजराइलसँग सम्पर्कमा रहेको बिहीबार बताएको छ ।

गत शनिबार इजराइलमाथि हमासको अप्रत्याशित आक्रमणपछिसैनिक, सर्वसाधारण, बालबालिका र महिलासहित कम्तीमा एक सय ५० इजराइली र विदेशीलाई गाजापट्टीमा बन्धक बनाइएको छ ।

"तटस्थ मध्यस्थकर्ताका रूपमा मानवीय भ्रमणहरू गर्न, बन्धक र परिवारका सदस्यबीच सञ्चार सम्पर्क सुविधा उपलब्ध गराउन र कुनै पनि अन्तिम रिहाइका लागि हामी तयार छौँ", निकट र मध्यपूर्वका लागि आइसीआरसीका क्षेत्रीय निर्देशक फाब्रिजियो कारबोनीले एक विज्ञप्तिमा भन्नुभयो ।

अन्तर्राष्ट्रिय मानवीय कानूनबमोजिम बन्धक बनाउन निषेध गरिएको भन्दै कारबोनीले कसैलाई पक्राउ गरेको भए तुरुन्तै रिहा गर्नुपर्ने बताउनुभयो । आइसीआरसीले दुवै पक्षलाई नागरिकहरूको पीडा गर्न आग्रह गरेको छ ।

शनिबार हमासले गरेको आक्रमणको प्रत्युत्तरमा इजराइलले गाजामा लगातार आक्रमण गरेको छ र पानी, बिजुली र इन्धनको आपूर्ति बन्द गर्दै २० लाख जनसङ्ख्या भएको गरिब क्षेत्रमा पूर्णतः घेराबन्दी गरेको छ ।

हमासले इजराइली आक्रमणमा चार जना बन्धक मारिएको बताएको छ । साथै उसले बिना चेतावनीपूर्व नागरिकहरूमा लक्ष्य बनाएमा अरुलाई मार्ने चेतावनी दिएको छ ।

टर्कीएका राष्ट्रपति रेसेप तय्यप एर्दोगानले पनि बन्धकहरूको रिहाइका लागि हमाससँग वार्ता सुरु गर्नुभएको बुधबार सरकारी स्रोतले एएफपीलाई बताएको छ । शनिबारदेखि जारी युद्धमा दुवै पक्षका गरी हजारौँको ज्यान गएको छ ।

### अफगानिस्तानमा प्रहरीद्वारा हातहतियार बरामद

मैदान सहर, अफगानिस्तान, २५ असोज (रासस/सिन्ह्वा) ।

पूर्वी अफगानिस्तानको वर्दक प्रान्तमा प्रहरीले हातहतियार र गोलाबारुद बरामद गरेको प्रान्तीय प्रहरी प्रवक्ता युसुफ इसरारले बिहीबार बताउनुभएको छ । बरामद गरिएका हतियारमा आठ थान कलाश्निकोभास,एक थान पेस्तोल, हजारौं गोली तथा अन्य सैन्य उपकरण रहेको प्रहरीले जनाएको छ । हालै बिहसुद र जलरेज जिल्लामा मोर्टार फेला परेको विज्ञप्तिमा उल्लेख छ ।

गत साता स्थानीय प्रहरीले उत्तरी अफगानिस्तानको सारी पुल प्रान्तमा आरपीजी-७ सहितका हातहतियार र गोलाबारुद फेला पारेको थियो । सरकारले युद्धग्रस्त अफगानिस्तानमा कानून तथा सुरक्षा व्यवस्था सुनिश्चित गर्ने प्रयासस्वरूप सुरक्षा निकायभन्दा बाहिरका जो कोहिबाट हातहतियार तथा गोलाबारुद फिर्ता गर्ने प्रयास थालेको छ ।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**

# एकान्तकुना यातायात कार्यालयमा अनलाइन सेवा शुरु



दैनिक समाचारदाता
काठमाडौं, २५ असोज ।
सर्वाधिक भीड हुने यातायात व्यवस्था कार्यालय एकान्तकुनाले विहीबारदेखि अनलाइन सेवा शुभारम्भ गरेको छ । अनलाईन सेवा सुरु भएपछि सर्वाधिक भीड हुने ललितपुरको एकान्तकुनामा सेवाग्राहीको भीड हटेको छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र बाग्मति प्रदेशका श्रम रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालले विहीबार एकान्तकुना यातायात व्यवस्था कार्यालयमा अनलाइन सेवा शुरु गर्नु भएको हो । दैनिक हजारौ सेवाग्राही एकान्तकुना कार्यालयमा लाइन बस्ने गरेका थिए । 'विहीबारदेखि त्यो लाइन पूर्णरुपमा हट्नेछ', मन्त्री ज्वालाले भन्नुभयो 'दैनिक हजारौ सेवाग्राहीले पाउँदै आएको सास्ती हटेको छ ।'

नयाँ सवारी चालक अनुमतिको आवेदन गर्न यसअघि नै अनलाइन सेवा सञ्चालनमा थियो । तर विहीबारदेखि राजश्व भूक्तानी, लाइसेन्स नविकरण र वर्ग थप अनलाइनबाटै हुने भएको छ । 'सवारी चालक अनुमति पत्रका लागि अब तीन पटक मात्र यातायात व्यवस्था कार्यालयमा जानुपर्ने छ', प्रदेशका यातायातमन्त्री लम्सालले भन्नुभयो 'यसअघि एउटै लाइसेन्सका लागि ९ पटक यातायात व्यवस्था कार्यालयमा धाउनुपर्ने बाध्यता थियो ।'

सवारी चालक अनुमति पत्रका लागि अब लिखित परीक्षा, ट्राइल परीक्षा र बायोमेट्रिक गर्न तीन पटक मात्र यातायात व्यवस्था कार्यालय जानुपर्नेछ । अन्य सबै कामहरु घरबाटै अनलाइन सेवामार्फत गर्न सकिने यातायात व्यवस्था विभागका महानिर्देशक उद्धव रिजालले बताउनुभयो ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री ज्वालाले मन्त्रीको सपथ लिएलगतै यातायात कार्यालयहरुमा लाग्ने भीड हटाउने प्रतिबद्धता गर्नुभएको थियो । प्रतिबद्धताअनुसार २० असारदेखि कास्की यातायात व्यवस्था कार्यालयबाट अनलाइन सेवा सुरु गरिएको थियो । कास्कीमा सफल भएपछि सर्वाधिक भीड हुने एकान्तकुनाबाट विहीबारदेखि अनलाइन सेवा सुरु गरिएको छ । 'अबको केही दिनभित्र मधेश र लुम्बिनी प्रदेशका यातायात व्यवस्था कार्यालय मार्फत पनि अनलाइन सेवा सुचारु गर्छौं', मन्त्री ज्वालाले भन्नुभयो । यातायात व्यवस्था कार्यालयको भीड हटाउने र बिचौलियाहरुको अन्त्य गर्न देशका सबै यातायात व्यवस्था कार्यालयहरु अनलाइन सिस्टममा लिन लागिएको छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हुलुमानगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७


# कोरियालाई नेपालमा लगानी गर्न अर्थमन्त्रीको आग्रह

काठमाडौं, २५ असोज (रासस) ।

विश्वबैंकको वार्षिक बैठकको सिलसिलामा मोरक्कोको मराकेसमा रहनुभएका अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालमा लगानी गरेका विदेशी कम्पनीहरुले मुनाफा आर्जन गरिरहेकाले दक्षिण कोरियाली कम्पनीहरुलाई पनि लगानी गर्न आग्रह गर्नुभएको छ ।

कोरियाका उपप्रधानमन्त्री तथा अर्थमन्त्री चु क्युङसँगको बिहीबार भएको भेटमा अर्थमन्त्री महतले नेपालमा लगानी गरेका सबै विदेशी कम्पनीले लगानीको प्रतिफल प्राप्त गरिरहेकाले कोरियाली कम्पनीलाई पनि नेपालमा लगानीको उपयुक्त अवसर भएको बताउँदै पुँजी परिचालन गर्न आग्रह गर्नुभएको अर्थमन्त्रालयले जनाएको छ ।

"नेपालमा लगानी गरेका भारतीय बहुराष्ट्रिय कम्पनी डाबर, अमेरिकी बहुराष्ट्रिय कम्पनी कोकोकोला र पेप्सी, भारतीय कम्पनी आइटिसी इण्डिया मात्रै होइन मलेसियन टेलिकम कम्पनीले पनि मुनाफा आर्जन गरिरहेका छन्", मन्त्री महतले कोरियाली उपप्रधानमन्त्रीलाई भन्नुभयो, "हामीहरुले चालू आर्थिक वर्षको बजेटमार्फत निजी क्षेत्रको लगानीलाई थप सहजीकरण गर्ने प्रयास गरेका छौं । आगामी दिनमा पनि निजी क्षेत्रलाई सुविधा दिने हाम्रो योजना छ । कोरियाली लगानीकर्तालाई नेपालमा स्वागत गर्न हामी आतुर छौं ।"

नेपालमा व्यापार तथा लगानीको वातावरणमा निरन्तर सुधार भइरहेकाले कोरियाली लगानीकर्तालाई झन्झट नहुने आश्वस्त पार्दै भारत सरकारले नेपालबाट १० हजार मेगावाट बिजुली खरिद गर्ने निर्णय गरिसकेको जानकारी दिनुभयो । उहाँले जलविद्युत् उत्पादन, प्रसारण र वितरण लाइन, डिजिटल क्षेत्र, कृषि, पर्यटन क्षेत्रमा लगानी गरे त्यसले राम्रो प्रतिफल दिने बताउनुभयो ।

अर्थ मन्त्रालयका अनुसार नेपालमा पर्यटन विकासको प्रचुर सम्भावना रहेको तर कमजोर भौतिक पूर्वाधारले समस्या भएकाले कोरिया सरकारलाई पूर्वाधार विकासमा सहुलियतपूर्ण कर्जा, अनुदान, क्षमता विकासमा सहयोग गर्न उहाँले आग्रह गर्नुभयो ।

कोरियाली उपप्रधानमन्त्रीले नेपालको पूर्वाधार विकासमा सहयोग गर्न आफू तयार रहेको बताउँदै केही कोरियाली लगानीमा दोहोरो करसम्बन्धी समस्या रहेको भन्दै त्यसलाई समाधान गर्न मन्त्री महतलाई आग्रह गर्नुभयो ।

मन्त्री महतले दोहोरो करसम्बन्धी समस्या समाधान गर्न आफू तयार रहेको र कोरियाली लगानीलाई संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले कोरियाका उपप्रधानमन्त्री नेपाल भ्रमण गर्न आमन्त्रण गर्नुभयो । उपप्रधानमन्त्री चु क्युङले आफू नेपाल भ्रमण गर्न इच्छुक रहेको भन्दै यथासक्य छिटो एजेण्डा तय गर्न आग्रह गर्नुभयो । अर्थमन्त्री महतले १२ हजार नेपालीलाई रोजगारीको अवसर प्रदान गरेकामा कोरिया सरकारको सराहना गर्नुभयो ।

नेपालले जलविद्युत् परियोजना निर्माणमा प्रगति गरे पनि कमजोर प्रसारण लाइनले जलविद्युत् क्षेत्रबाट अपेक्षित लाभ लिन नसकेकाले प्रसारण लाइन निर्माणमा लगानी गर्न आग्रह गर्नुभयो ।

कोरियाका उपप्रधानमन्त्री तथा अर्थमन्त्री चु क्युङलाई अर्थमन्त्री महतले नेपाल वायुसेवा निगमलाई कोरियामा सिधा उडान अनुमति दिन माग गर्नुभयो । कोरियन एयरलाइन्सले नेपालमा सिधा उडान गरिरहँदा नेपाल वायुसेवा निगमलाई पनि सिधा उडानको अनुमति दिनुपर्नेमा मन्त्री महतले जोड दिनुभएको अर्थमन्त्रालयले जनाएको छ ।


**लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

- लामखुट्टेको टोकाईबाट औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

लामखुट्टेको टोकाईबाट बचौ र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्यान्डल, चेन भएका छाता वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२

जनहीतका लागि जारि सन्देश : तिरहुत गाउँपालिकाको कार्यालय, सप्तरी


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np